माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
Website: www.mathagadhi.gov.np

च.नं. :(Despatch No.) —
पत्र संख्या:(Ref No.) २०८०/०८१

मितिः २०८०/०४/०१

विषयः सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने सम्बन्धी सूचना।

श्री सरोकारवाला सबै,

उपरोक्त सम्बन्धमा, यस माथागढी गाउँपालिका अन्तर्गत सबै वडा कार्यालयहरूमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम ४ को उपनियम १ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने (जेष्ठ नागरिक, जेष्ठ दलित, एकल महिला, विधवा, अपाङ्ग र ५ वर्ष भित्रका दलित बालबालिका) लाभग्राहीले सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ बमोजिम आ.व.२०८०/८१ को लागि सामाजिक सुरक्षा भत्ता खान इच्छुक लाभग्राहीले मिति २०८० श्रावण १ गतेदेखि २०८० भदौ मसान्तसम्म आ-आफ्नो वडा कार्यालयमा गई तपसिलका कागजात लिई अनिवार्य रूपमा परिचय पत्र नविकरण गर्नु गराउनुहुन सबैमा यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयसिमाभित्र नविकरण नगराएमा कानून बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्न नसकिने व्यहोरासमेत जानकारी गरिन्छ। थप जानकारीको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

तपसिल

- अनुसूची २ बमोजिमको निवेदन-१
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी-१
- चेक बुकको भित्री पानाको प्रतिलिपी-१
- पासपोर्ट साइजको फोटो-२
- दलित बालबालिकाको हकमा जन्मदर्ता प्रतिलिपी-१
- अपाङ्गताको लागि परिचय कार्डको प्रतिलिपी-१
- संरक्षकको नागरिकताको प्रतिलिपी (बालबालिका र 'क' वर्ग अपाङ्गको हकमा मात्र)
- श्रीमानको मृत्युदर्ताको प्रतिलिपीसमेत (विधवा ६० वर्षभन्दा कम उमेर भएकाहरुको हकमा मात्र)

..............................
नित्यानन्द खनाल
नि.प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत